नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०८०/८१ शि. व्य.
च.नं. 201

शाखा सम्पर्क नं. ०१-६६३५११३
मिति:२०८१/०१/०७

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयः राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको शिक्षक/कर्मचारीलाई कार्यबाही सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबै ।

प्रस्तुत विषयमा श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३७०, मिति २०८१/०१/०४ को पत्रानुसार सामुदायिक विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिएको, कार्यकारिणी समितिमा रहेको, महाधिवेशन प्रतिनिधि भएको जस्ता विषय उल्लेख गरी मन्त्रालयमा प्राप्त निवेदनहरुका सम्बन्धमा राजनीतिक दलमा संलग्न शिक्षक, कर्मचारीलाई शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली २०५९ को प्रावधान साथै उच्च अदालत पाटनको रिट नं. ०७८-WO-०४०८, निर्णय नं. ३३६ मा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन, २०२८ को दफा १६ङ को उपदफा (५) को खण्ड (छ) मा रहेको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भनी भएको आदेश समेतको आधारमा पदबाट हटाई सो को जानकारी मन्त्रालयमा गराउने र यस्तै प्रकृतिका थप उजुरी निवेदनहरुको सम्बन्धमा समेत निरन्तर कारबाही गर्ने भनी मिति २०८१।०१ ०४ मा मन्त्रालय ( माननीय मन्त्रीस्तरीय) को निर्णय भइ आएकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

२०८१।०१।०७
..........
हरि बहादुर श्रेष्ठ
शाखा अधिकृत

बोधार्थः
श्री स्थानीय तह सबैःआवश्यक सहयोग र सहजीकरणका लागि अनुरोध छ।